# माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन

बागमती प्रदेश, नेपाल

# स्थानीय राजपत्र

माडी नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ४ संख्या : ८ मिति : २०७७/०८/०७

## भाग – २

# मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७

# माडी नगरपालिका
# मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना**

माडी नगरपालिकाभित्र मौरीको क्षेत्र विस्तार, महको उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गरी कृषकको जीवनस्तर उकास्न र महमा माडीलाई आत्मनिर्भर बनाउन मौरी प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यबिधिको नाम "**मौरी प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि २०७७**" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:-

(क) "समूह" भन्नाले माडी नगरपालिकामा प्रचलित कानून बमोजिम रुपमा दर्ता भएको कृषक समूह सम्झनु पर्छ ।

(ख) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पदर्छ ।

(ग) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई संञ्चालनमा रहेका फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(घ) "समिति"भन्नाले यस कार्यबिधिको दफा ७ बमोजिम गठित प्रस्ताब छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(ङ) "शाखा" भन्नाले माडी नगरपालिका अन्तर्गतको कृषि सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ ।

(च) "कार्यक्रम" भन्नाले मौरी प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यः** मौरी प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछः

(क) आधुनिक प्रबिधिको प्रयोगबाट मौरीको क्षेत्रफल बिस्तार तथा सुदृढिकरणद्वारा महको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

(ख) नगरपालिकामा महको आयात प्रतिस्थापन गरी आत्मनिर्भर बनाउने,

(ग) मौरी पालनमा कृषि समूह तथा फर्महरुलाई आकर्षित गर्ने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रकृया

४. **प्रस्ताव आव्हान गर्ने :**

(१) नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको क्रममा कृषि समूह तथा फर्महरुबाट माग संकलन गर्नका लागि बढिमा ३० दिने सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्न अनुसूची १ बमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरी सूचना पुनःप्रकाशन गर्न बाधा पर्ने छैन ।

५. **प्रस्ताव पेश गर्नेः**

(१) दफा ४ बमोजिम प्रस्ताव आव्हान भएपछि इच्छुक समूह वा फर्मले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फाराम र अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको अवधिभित्र आवेदन शाखामा पेश गर्नु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम माडी नगरपालिकामा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म वा कृषक समूहले ब्यबसायिक च्याउ खेतीका लागि प्रस्ताब पेश गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा समूह वा फर्मले कम्तीमा १५ घार सेट मौरी पालन गर्ने योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. **शाखा जिम्मेवार हुने:** कार्यक्रम सञ्चालनका लागि प्रमुख जिम्मेवारी शाखाको रहनेछ ।

७. **प्रस्ताब मूल्याङ्कन तथा छनोट समिति रहने:**

(१) तोकिएको समय सिमा भित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्ताबहरुको मूल्यांकन गरी समूह तथा फर्मको छनोट गर्नका लागि देहायबमोजिमको प्रस्ताव मूल्यांकन तथा छनोट समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) कृषि तथा सहकारी समिति संयोजक - सदस्य

(ग) प्राविधिक शाखा प्रमुख - सदस्य

(घ) पशु शाखा प्रमुख - सदस्य

(ङ) कृषि शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदनसाथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने ।

(ग) आवेदन पेश गर्ने आवेदक समूह तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्ने ।

## ८. प्रस्ताव मुल्याङ्कन छनोट र सम्झौता प्रक्रियाः

(१) प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ७ को उपदफा (१) बमोजिमको समितिबाट मूल्याङ्कनहुनेछ । त्यसरी प्रस्ताव मूल्यांकन गर्दा अनुसूची ४ बमोजिमको मापदण्डका आधारमा गरिनेछ ।

(२) उपदफा १ बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा आबेदनसाथ संलग्न कागजातहरु भएका प्रस्ताबहरु मात्र स्थलगत निरीक्षण र थप मुल्याङ्कनका लागि योग्य मानिने छ ।

(३) समितिले आबश्यकता अनुसार अनुसुची-४ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रही थप मूल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ ।

(४) प्रारम्भिक छनोटमा परेका प्रस्ताबहरुको अनुसुची ४ बमोजिमका आधारमा स्थलगत निरिक्षण गरी मुल्याङ्कन गर्नुपर्नेछ ।

(५) अनुगमनको क्रममा प्रस्ताबमा पेश गरिएको बिवरण झुटो ठहरिएमा, प्राबिधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावलाई अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मात्र मूल्याङ्कनगरिनेछ ।

(६) कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्दा जम्मा संख्याको बीस प्रतिशत हुने गरी बैकल्पिक समूह र फर्म समेत छनोट गरिनेछ ।

(७) छनोट भएका समूह वा फर्मले समयमै कार्यक्रम सञ्चालन नगरेमा उपदफा (६) बमोजिमको वैकल्पिक समूह वा

फर्मलाई नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनका लागि अनुमति दिनेछ ।

९. **कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइने:** (१) कार्यक्रम सञ्चालनका लागि मौरी, घार सेट, सुरक्षा उपकरण, तालिम, प्रविधि प्रदर्शनी आदीमा नगरपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउनेछ ।

## परिच्छेद -३

## सम्झौता र अनुदान प्रबाह प्रक्रिया

१०. **लागत इस्टिमेट र सम्झौता :**

(१) प्रस्ताब छनोट पश्चात समूह वा फर्मले प्रस्ताव अनुसार सम्बन्धित बिषयको प्राबिधिक मार्फत स्थलगत सर्बेक्षण गराएर लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नुपर्नेछ ।

(२) स्वीकृत इस्टिमेटको आधारमा नगर कार्यपालिकाको कार्यालय र समूह वा फर्मबीच अनुसुची-५ बमोजिमको सम्भौता गरिनेछ ।

(३) समूह वा फर्मले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होडिङ्ग बोर्ड सर्बसाधरणले देख्नेगरी राख्नु पर्नेछ ।

(४) लागत इस्टिमेट तयार गर्दा कुल अनुदानको ३% रकम कन्टीजेन्सी स्वरुप राखिनेछ ।

११. **खर्च सम्बन्धी ब्यबस्था :**

(१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यबिधिमा तोकिएबमोजिम हुनेछ ।

(२) समूह वा फर्मलाई कामका प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(३) एक प्रस्ताबकलाई प्रस्ताबित योजना र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा ५० प्रतिशत वा अधिकतम रु. तीन लाख अनुदान रकम उपलब्ध गराइनेछ।

## परिच्छेद-४
## अनुगमन तथा बिबिध

**१२. अनुगमन र मुल्याङ्कन:**

(१) कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी समितिको हुनेछ ।

(२) उपदफा (१) को अतिरिक्त माडी नगर कार्यपालिकाको कार्यालय र शाखाबाट समेत अनुगमन तथा निरीक्षण कार्य गरिनेछ ।

**१३. बिमा :** मौरी पालन ब्यबसायको सम्भाब्यताको आधारमा बिमा गर ाउनु पर्नेछ ।

**१४. प्रचलित कानून बमोजिम हुने** : कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यबिधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम र कार्यबिधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. संशोधन गर्न सकिने:** यस कार्यविधिमा कुनै हेरफेर वा थपघट गर्नु परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१६. खारेजी र बचाउः** (१) मौरी प्रबर्द्धन कार्यक्रम सम्बन्धमा यस अघि भएका कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिनेछ ।